| ऐन संख्या :- | |
|---|---|

# शिक्षा ऐन, २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४/१२/१८ |
|---|---|

बडीमालिका नगरपालिका

बाजुरा जिल्ला

७ नं. प्रदेश

नेपालको संविधान २०७२ को धारा २२१ अनुसुची ८ को सूची नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत / माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना :**

राष्ट्र विकासको आधारशिला तय गर्नका लागि दक्ष जनशक्ति निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थानुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न, बडिमालिका नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक क्षेत्रमा युगानाकुल सुधार गरी जीवनउपयोगी व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले बडिमालिका नगरपालिकाको नगर सभाले यो ऐन पारित गरि लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "बडिमालिका नगरपालिकाको शिक्षा ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस ऐनमा-

(क) **"प्रारम्भिक बालबिकास शिक्षा"** भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा एक देखि पाँचसम्म दियने शिक्षा सम्झनु पर्छ ।

(ग) **"आधारभुत शिक्षा"** भन्नाले प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम्, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबिालकालाई छुट्टै समुहमा राखी विषेश प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षालाई सम्झनुपर्दछ ।

(च) **"सभा"** भन्नाले बडिमालिका नगरपालिकाको सभालाई सम्झनु पर्दछ,

(छ) **"नगरपालिका"** भन्नाले बडिमालिका नगरपालिकालाई सम्झनुपर्दछ ।

(ञ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

(झ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ।

(ञ) **"आधारभुत विद्यालय"** भन्नाले प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा आठसम्म शिक्षा दिने विद्यालयलाई सम्झनु पर्छ।

(ट) **"विद्यालय शिक्षा"** भन्नाले आधारभुत वा माध्यामिक शिक्षालाई सम्झनु पर्छ।

(ठ) **"विद्यालय"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाई सम्झनु पर्छ।

(ड) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापकलाई सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक वा प्राचार्य समेतलाई जनाउदछ।

(ढ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकबाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ण) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(त) **"आधारभुत शिक्षा उत्तीर्ण परीक्षा"** भन्नाले आधारभत तहको अन्तमा हुने परीक्षा सम्झनु पर्छ।

(थ) **"शिक्षा शाखा"** भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग, महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ।

(द) **"शिक्षक किताबखाना"** भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ।

(ध) **"शिक्षक सेवा आयोग"** भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ।

(न) **"शिक्षा समिति"** भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको स्थानीय तहको सभाले गठन गरेको नियम २४ अनुसारको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ।

(प) **"शुल्क"** भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) **"समुदायद्वारा सञ्चालित विद्यालय"** भन्नाले नियम ५ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन. समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(म) **"सामुदायिक शिक्षक"** भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(य) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदाय स्तरमा सञ्चालन गरिनें आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(र) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदल बनाएको शिक्षा ऐनलाई ऐनलाई सम्झनु पर्छ ।

(ल) **"संस्थागत विद्यालय"** भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियम ५ बमोजिम अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

३. **<u>विद्यालय खोल्ने अनुमति लिनु पर्ने</u>** : (१) कुनै नेपाली नागरिकले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँच बुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त पालना गर्ने गरी अनुमति दिइनेछ ।

(३)उपदफा (२) वमोजिम अनुमति लिइ सञ्चालनमा आएका विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेकी देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यस सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विद्यालयको सञ्चालन** : विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५.**शिक्षाको माध्यम** : (१) विद्यालय शिक्षाको माध्यम नेपाली, अंग्रेजी भाषा वा दुबै हुनेछ ।

(२) प्राथमिक शिक्षा मातृभाषामा पनि दिन सकिनेछ ।

(३) भाषा विषयमा अध्ययन गराँउदा शिक्षाको माध्यम सोहि भाषा हुन सक्नेछ,

६.**विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : विद्यालयले नेपाल सरकारद्धारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने छ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम र पाठ्य पुस्तक बनाइ लागु गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन ।

७. **नगर शिक्षा समिति** : (१) नगरपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक नगर शिक्षा समिति रहनेछ ।

(२) नगर शिक्षा समितिको गठन, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

८. **वडा शिक्षा समिति** : (१) नगरपालिका भित्रका वडाका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक वडा शिक्षा समिति रहनेछ ।

(२) वडा शिक्षा समितिको गठन, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समिति** : (१) नगरपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको शैक्षिक सत्र अन्यमा हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

(४) माध्यमिक तहको परीक्षा सञ्चालन माध्यमिक तह परीक्षा समितिको नियमे बमोजिम हुनेछ ।

१०. **विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवसथापन गर्नाका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

११. **नगरपालिकाले निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशनको पालना गर्नु/गराउनु नगर शिक्षा समिति, वडा शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१२. **नगर शिक्षा कोष :** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोषको स्थापना हुनेछ , जसमा देहाय बमोजिम रकमहरु रहनेछन् ।

क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान ।

ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान ।

ग) शिक्षा कर वापत संकलित रकम ।

घ) चन्दाबाट संकलित रकम ।

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ

(३) उपदफा (१) बमोजिम कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१३. **नगरपालिकाले विद्यालय, सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्नसक्ने :** नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समतिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयकालाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई भन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

१४. **विद्यालयको सम्पतिः** (१) सामुदायिक विद्यालयको हक भोग रहेको सम्पति सार्वजनिक मानिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कम्पनि अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि कम्पनिको नाममा रहनेछ ।

१५. **विद्यालयलाई छुट र सुविधा :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्ययको नाममा जुनसुकै लिखत पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

१६. **विद्यालयको वर्गिकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गिकरण गरिनेछ ।

१७. **विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्ने :** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन/अध्यापन गर्ने वातावरण सिर्जन गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रका रुपमा कायम गरिनेछ ।

१८. **शुल्क सम्वन्धी व्यवस्था :** (१) नेपाल सरकार वा नगरपालिकाले नि:शुल्क शिक्षा घोषणा गरेका विद्यालय शिक्षाका लागि सामदायिक विद्यालयले विद्यार्थीबाट कुनै किसिमको शुल्क लिन पाउने छैनन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अविभावकले आफ्नो स्व-इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार चन्दा वा सहयोग लिन बाधा मानिने छैन ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

१९. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था :** (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक/ हितकालागि नगरपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

क) पदीय दायित्व पूरा नगरेमा ।

ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यवसायिक कृयाकलाप सञ्चालन गरेमा,

ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुर प्रमाणित भई सजाय पाएमा,

च) शिक्षक वा कर्मचारी राजनितीक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

छ) तीन वर्षसम्म औसत सिकाई उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा,

४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

२०. <u>**स्थायी आवासिय अनुमति लिन नहुने :**</u> सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले अन्य देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्न लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिउको भए वा त्यस्तो अनुमति प्राप्तीका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिनेछ ।

२१. <u>**शैक्षिक योग्यता :**</u> विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

२२. <u>**शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने**</u> **:** नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात मिलाउनु पर्नेछ ।

२३. <u>**बालबालिकालाई निष्काशन गर्ने, शारीरिक, मानसिक दुर्व्यवहार गर्न नहुने**</u> : (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

२४. <u>**शिक्षकको सरुवा :**</u> (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिम फारम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>**तलव भत्ता नपाउने वा अवधी गणना नहुने :**</u> नियामानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधिमा निजको सेवा अवधि गणना हुनेछैन ।

ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुर प्रमाणित भई सजाय पाएमा,

च) शिक्षक वा कर्मचारी राजनितीक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

छ) तीन वर्षसम्म औसत सिकाई उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा,

४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

२०. **स्थायी आवासिय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले अन्य देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्न लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिउको भए वा त्यस्तो अनुमति प्राप्तीका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिनेछ ।

२१. **शैक्षिक योग्यता :** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

२२. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात मिलाउनु पर्नेछ ।

२३. **बालबालिकालाई निष्काशन गर्ने, शारीरिक, मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

२४. **शिक्षकको सरुवा :** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिम फारम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **तलब भत्ता नपाउने वा अवधी गणना नहुने :** नियामानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधिमा निजको सेवा अवधि गणना हुनेछैन ।

२६. **अध्यापन अनुमति पत्र लिनुपर्ने** : अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैनन् ।

२७. **विद्यालय शिक्षा कोष** : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ , जसमा देहाय बमोजिम रकमहरु रहनेछ ।

क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

ङ) शुल्कबाट प्राप्त रकम,

च) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति नलिई प्राविधिक शिक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शैक्षिक कोर्ष सञ्चालन गर्न नहुने :** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिई प्राविधिक सीप, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा ट्युशन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाउने छैनन् ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **प्रारम्भिक बालबिकास शिक्षा:** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बालबिकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३०. **अनौपचारिक शिक्षा** : नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेसी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३१. **सामुदायिक सिकाई केन्द्र सञ्चालन:** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, विशेष शिक्षा, निरन्तर सिंकाई, दुर शिक्षा तथा समोवेसी शिक्षाका कार्यक्रमहरु लगायत आयआर्जनका कार्यक्रमहरु समेत सञ्चालन गर्न सक्नेछ।

३२. **प्रगति विवरण बुझाउनुपर्ने :** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिम विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

३३. **दण्ड र सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्ता व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग गरेमा त्यस्तो व्यक्ति लाई कसुरको मात्रा हेरी एक लाख रुपैंयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्वन्धित पादाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुका तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

३४. **अदालतको आदेशबाट पुर्नबहाली हुनसक्ने :** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षकलाई अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुनसक्नेछ।

३५. **मुद्दा हेर्ने अधिकारी :** (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्वन्धित सरकारी वकिल कार्यालयको परामर्श सहयोग लिन सक्नेछ।

३६. **दरबन्दी सिर्जना गर्नसक्ने :** नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी [illegible] र दरबन्दी अपुग भएका लागि नगरपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जन ।गर्न सक्नेछ ॥

३७. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३८. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका तथा कार्यविधी बनाई लागू गर्न सक्नेछ ।

३९. **बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

४०. **बचाउ र लागु नहुने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान, संघीय कानून र प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएका दफाहरु स्वतः निष्क्रिय हुनेछन् ।